फोन नं.: ०८९-४२०१३२
ईमेल: dfodailekh.2077@gmail.com

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय
दैलेख

## सल्लो/साल जातको गोलिया/चिरान काठ बोलपत्रद्वारा लिलाम बिक्रि सूचना
दोस्रो पटक प्रकाशित मिति : २०७९।०३।०६

यस कार्यालयबाट विभिन्न मुद्दामा तथा बेवारिसे अवस्थामा फेला पारी जफत गरी यस कार्यालय परिसरमा घाटगद्धी गरिएका तपशिल बमोजिमका साल/सल्लो जातका गोलिया/चिरान काठ जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रीका लागि मिति २०७९।०२।१६ गते प्रथम पटक पन्ध्र दिने सूचना प्रकाशित भएकोमा तोकिएको मितिभित्र कुनै पनि बोलपत्र खरिद तथा दाखिला नभएकोले पुनः दोस्रोपटक यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक काष्ठ व्यवसायी, फर्म वा कम्पनीले तपशिलमा उल्लिखित मिति र समयभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१. वन पैदावारको विवरण :

| वन पैदावारको | | | | | | | मूल्याङ्क रु | |
|---|---|---|---|---|---|---|---|---|
| क.स. | जात | किसिम | ग्रेड | थान | परिमाण क्यु.फि. | गोलियामा परिणत गर्दा हुने परिमाण | न्यूनतम (मु.अ.कर बाहेक) | कटान, मुछान, नम्बरिङ, पाईलिङ,सूचना आदि खर्च |
| १. | साल | गोलिया | सि. | १६ | ६६.८३ | ६६.८३ | ३३४१५।- | ५६७००।- |
| २. | साल | गोलिया | ए. | ९ | ४६.३६ | ४६.३६ | ४६३६०।- | |
| ३. | साल | चिरान | ए. | ५ | २.९१ | ४.०७४ | ४०७४।- | |
| ४. | सल्लो | चिरान | ए. | २०४ | १००.३४ | १४०.४८ | २८०९६।- | |
| जम्मा | | | | २३४ | २१६.४४ | २५७.७४ | १११९४५।- | ५६७००।- |
| कुल जम्मा | | | | | | | | १६८६४५।- |

२.बोलपत्र फाराम खरिद गर्न सकिने :

क) अन्तिम दिन : २०७९।३।२० ख) समय : कार्यालय समय सम्म ।

३.बोलपत्र दाखिला गर्न सकिने :

क) अन्तिम दिन : २०७९।३।२१ ख) समय : दिउसो १२ बजेसम्म ।

४.बोलपत्र यस डिभिजन वन कार्यालयबाट खरिद र दाखिला गर्न सकिनेछ ।

५.बोलपत्र साथ कबोल गरेको रकमको १०% हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको ४०१०१००२०२०३०००० नं. को धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

६.बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

७.बोलपत्र फाराम रु १०००।- (अक्षरुपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) यस कार्यालयको नाममा राजश्व जम्मा गरी कार्यालयबाट खरिद गर्न सकिनेछ ।

टेक बहादुर रावल
डिभिजनल वन अधिकृत

फोन नं.: ०८९-४२०१३२
ईमेल:dfodailekh.2077@gmail.com

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय
दैलेख

८.माथि उल्लिखित वन पैदावार कार्यालय खुलेको समय भित्र यस कार्यालयको कम्पाउन्डमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

९.लिलाममा भाग लिन ईच्छुक काष्ठ व्यवसायी, फर्म वा कम्पनिका प्रोपाईटर/प्रतिनिधिले नेपाली नागकिताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि लगायतका अन्य आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

१०.निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०७९।३।२१ गते दिउसो २ बजे साक्षी/कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।

११.लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धिकर तथा कटान, मुछान, सूचना प्रकाशन, पाईलिङ, नम्बरिङ आदि खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१२.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

(टेक बहादुर रावल)
डिभिजनल वन अधिकृत